**निर्णय नं १:**

विश्वव्यापी रुपमा फैलिएको नयाँ भरियन्ट सहितको कोरोना भाइरसको महामारीको संक्रमण जोखिम यस गाउँपालिकामा पनि दिनदिनै बढदै गएको सन्दर्भमा कोभिड १९ रोकथाम तथा नियन्त्रणका गर्न गाउँपालिकाका विभिन्न स्थानहरुमा संचालन भईरहेका निर्माण कार्यमा सिमित कामदारले मात्र काम गर्ने र कामदार नथप्ने व्यवस्था वडा अध्यक्षले मिलाउने ।

**निर्णय नं २:**

यस परिवर्तन गाउँपालिकाको मुख्य बजार क्षेत्रहरु बागमारा र दुईखोलीमा कोभिड-१९ का विरामीहरु बढदै गएकोले यी बजार क्षेत्रहरुमा पुर्ण रुपमा निशेधाज्ञाको पालना गराउन सुरक्षा निकायको सक्रियता बढाउने र शंकास्पद लक्षण तथा चिन्ह देखिएका व्यक्तिहरुको खोजपटताल गरी Antigin परीक्षण गर्ने र Positive विरामीलाई होम आइसोलेसन बस्ने व्यवस्था मिलाउने ।

**निर्णय नं ३:**

यस परिवर्तन गाउँपालिकाका सबै वडामा होम आइसोलेसनमा वसेका कोभिड-१९ का विरामीहरुको संख्या र स्वास्थ्य अवस्थाका बारेमा सम्बन्धित स्वास्थ्य संस्था र वडा कार्यालयले दैनिक रुपमा गाउँपालिकामा रिपोर्टिङ गर्ने ।

**निर्णय नं ४:**

कोभिड-१९ संक्रमण जोखिमलाई रोकथाम तथा नियन्त्रणका लागी गाउँपालिकाको कोभिड १९ अस्थायी अस्पतालमा परीक्षण Kit उपलब्ध भए सम्म दैनिक ११ बजे देखि १२ बजे सम्म Antigen परिक्षण गर्ने समय निर्धारण गर्ने र सोही समयमा शंकास्पद विरामीलाई पठाउन वडा तथा स्वास्थ्य संस्थाहरुले सहजीकरण गर्ने ।

**निर्णय नं ५:**

हाल कोभिड-१९को संक्रमण जोखिमलाई रोकथाम तथा नियन्त्रण गर्न हाल जारी गरिएको लकडाउनलाई प्रभावकारी बनाउन सम्वन्धीत वडाका टोल विकास संस्थाहरु, निगरानी समुहहरु र सुरक्षा निकायलाई परिचालन गरि प्रचार-प्रसार निगरानी तथा खोजपटतालको कार्यमा बढावा दिने ।

**निर्णय नं ६:**

होम क्वारेन्टाईन तथा आइसोलेसनलाई व्यवस्थित, प्रभावकारी एवं सुरक्षित बनाउनको लागि यस परिवर्तन गाउँपालिकाका सवै वडाका विपद समितिहरु क्रियाशिल रहि समुदायमा रहेका सम्पुर्ण होम क्वारेन्टाईन र आइसोलेसनहरुको निगरानी गर्ने ।